स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



पछिल्लो समय अभिनेता अनमोल केसी र अभिनेत्री जसिता गुरुङबिचको प्रेमबारे मिडियामा 'गसिप' बन्ने गरेको छ । जसिता भने आफूहरू एकअर्काको 'राम्रो साथी'मात्र रहेको बताउँछिन् । उनले आफू 'रिल'मा अनमोल केसीको प्रेमिका रहे पनि 'रियल'मा असल साथी भएको प्रस्ट पारिन् । चलचित्र 'फर्की फर्की'को ट्रेलर सार्वजनिक भएपछि अनमोल र आफूलाई जोडेर प्रेमको हल्ला चलाइएको जसिताको भनाइ छ । 'सायद फिल्मको प्रचार सामग्रीमा समेटिएको हाम्रो केमेस्ट्री दर्शकलाई राम्रो लाग्यो होला,'

**आजको विचार...**



केशव खतिवडा

हाइपर...
(दुई पेजमा)




दयाहाङलाई लिएर निर्देशक सुब्बाले फिल्म 'गाउँ आएको बाटो' बनाएका छन्, जुन यही जेठ २५ गतेबाट प्रदर्शन हुँदैछ । स्क्रिप्ट लेखनकै समयमा फिल्मको 'माइला' पात्रका लागि एकजना 'नन् एक्टर'सँग कुरा गरिएको थियो । तर, ती कलाकारले चरित्र निर्माणलाई हलुका रुपमा लिएपछि कास्टिङ डिरेक्टर सृजना सुब्बाले त्यो पात्रमा दयाहाङबाहेक अरुले न्याय गर्न सक्ने देखिनन् । तर, निर्देशक सुब्बा दयाहाङलाई लिन डराएका थिए । उनलाई त्यो डर दयाहाङ 'स्टार' भएकोमा थियो ।

❒ वर्ष २९ ❒ अंक २९५ ❒ २०८१ जेठ १२ गते शनिबार 25 May 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### नेपालमा कोरोनाको नयाँ भेरियन्ट पुष्टि



**काठमाडौँ,** जेठ ११/नेपालमा कोरोना भाइरस ओमिक्रोन भेरियन्टको नयाँ सव भेरियन्ट भेटिएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले कोरोना भाइरस संक्रमित ४२ जना जिन सिक्वेन्सिङ गर्दा 'केपी १' 'केपी २' 'केपी ३' र 'केपी ४' पुष्टि भएको प्रयोगशालाका सूचना अधिकारी कृष्णप्रसाद जैसीले जानकारी दिए । उनका अनुसार गत अप्रिल र मे महिनामा सातवटै प्रदेशबाट नमुना संकलन गरी जिन सिक्वेन्सिङ गरिएको थियो । तीमध्ये १२ जनामा 'केपी १', १७ जनामा 'केपी २', एक जनामा 'केपी ३' र एक जनामा 'केपी ४' दखिएको उनले जानकारी दिए । "यो नयाँ भेरियन्ट होइन । ओमिक्रोन भेरियन्टकै सव भेरियन्ट हो । यसलाई नयाँ नाम मात्र दिइएको हो", उनले भने ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले 'केपी' प्रजातिको भेरियन्ट संक्रामक नभएको बताए । 'केपी प्रजातिको भेरियन्ट त्यति संक्रामक छैन । यसको प्रभाव खासै छैन', उनले भने । बयालीस वटा परीक्षणमा प्रयोगशालाका ओमिक्रोन (जेएन १) सात जनामा ओमिक्रोन (बीए २), दुई जनामा देखिएको छ । -रासस

# सत्ता समीकरण निर्वाचनसम्म जान्छ र ०८४ मा एमालेको एकल बहुमतको सरकार बन्छ : महासचिव पोखरेल

कृष्ण पोखरेल

**पाल्पा,** जेठ ११/नेकपा एमालेका महासचिव शंकर पोखरेलले अहिलेको सत्ता समीकरण २०८४ को निर्वाचनसम्म जाने ठोकुवा गरेका छन् । शुक्रबार नेकपा एमाले पाल्पाको दशौं जिल्ला अधिवेशनको उद्घाटन गर्दै महासचिव पोखरेलले वर्तमान सत्ता गठबन्धनलाई निर्वाचनसम्म निरन्तरता दिने बताएका हुन् । उनले भने,'एमाले गठबन्धनको विकल्प खोज्ने पक्षमा छैन, वर्तमान सत्ता समीकरणलाई २०८४ को निर्वाचनसम्म निरन्तरता दिने पक्षमा हामी छौं ।' विगतमा कम्युनिष्ट एकता बचाउन नसक्नु गम्भीर त्रुटी भएको बताउँदै महासचिव पोखरेलले एमालेको प्राथमिकता वर्तमान सत्ता समीकरणको निरन्तरता र बलियो कम्युनिष्ट शक्ति निर्माण नै रहेको बताए ।

काँग्रेस नेतृत्वको गठबन्धले मुलुकलाई बरवादीको दिशातर्फ लगिरहेको अवस्थामा परिवर्तन गर्नको लागि एमालेले सबै कुरा छोडेर नयाँ सत्ता समिकरण निर्माण गरेको उनको भनाई छ । महासचिव पोखरेलले भने' अहिले एमालेले प्रधानमन्त्री पनि मागेको छैन् महत्वपूर्ण मन्त्रालयमा पनि दावी गरेको छैन्, ठूला-ठूला पदहरु छोडेर सत्तामा मात्रै बसेको छ भन्ने लागेको छ होला तर एमालेको मिसन गठबन्धनलाई निरन्तरता दिर्दै ०८४ मा एमालेको एकल बहुमतको सरकार बनाउने रहेको छ ।' उनले देश विकासका लागि दुरदर्शी नेतृत्व, बलियो राजनीतिक शक्ति र राजनीतिक स्थिरता आवश्यक रहेको




अवस्थामा एमालेसँग बलियो दुरदर्शी नेतृत्व भएकाले आगामी ८४ को लागि एमाले सोही तयारीका साथ अगाडि बढेको बताए । ठूला पार्टीका नेता तथा कार्यकर्ताहरु जनतामाझ आफ्ना निति, कार्यक्रम र योजना लिएर नजाँदा अहिले अराजकताको भिडमा जनता जान बाध्य समेत महासचिव पोखरेलले बताए । देशको राजनीतिक अस्थिरताको फाईदा उठाउँदै देशको मौलिक तथा सांस्कृतिक आधार माथि बाह्रय पक्षबाट निरन्तर प्रहार गरी राष्ट्रियता कमजोर पार्ने खेल भईरहेकाले यसलाई चिर्न बलियो राजनीतिक शक्ति स्थापित गर्न आवश्यक रहेको उनले उल्लेख गरे ।

महासचिव पोखरेलले तत्काल एमाले र माओवादी पार्टी एकिकरण हुने होकी भन्ने सोच्नु भएको छ भने अहिले हतारमा पार्टी एकिकरण नहुने स्पष्ट पारे । उनले भने 'विगतको अनुभव र एकताले माथिबाट नेताहरु मिलेर मात्र पार्टी एकता सफल हुँदैन, तलबाट कार्यकर्ताहरुदेखी निती विचार सबै मिलेर गरेको एकता मात्र दिगो हुने भएकाले तत्कालै पाटी एकता हुँदैन ।'

कार्यक्रममा नेकपा एमालेका सचिव पद्यमा अर्यालले भाषण नभई कार्यकर्ताको आय आर्जनसँग जोडेर पार्टीको निती, कार्यक्रम योजना बनाएर ग्रामीणस्तरसम्म काम गर्नु पर्नेमा जोड दिईन । अहिले केन्द्रमा देखिएको सहकारी विवादमा नेपाली काँग्रेसले बखेडा मात्र झिकेको र समस्याग्रस्त देशभरीका सहकारीको छानविन गर्न काँग्रेस तयार नभएको र काँग्रेसले भनेको मात्रै सहकारीहरु छान्ने काम राजनीतिक बैमानी हुने सचिव अर्यालले बताईन् ।

एमाले पोलिटिब्युरो सदस्यहरु, ठाकुर गैरे, बैजनाथ चौधरी, एमाले लुम्बिनी प्रदेश अध्यक्ष राधाकृष्ण कडेल लगायतले नेकपा एमाले विना मुलकमा विकास तथा सम्बृद्धि आउन नसक्ने दावी गरे । अधिवेशनले पाल्पा जिल्लाका पहिलो सचिव झपेन्द्र बहादुर जि.सी. दोस्रो सचिव दलबहादुर रानालाई सम्मान गरेको छ । यसैगरी जाजरकोट भुकम्पको उद्धारमा खटिएका पार्टी उपाध्यक्ष देवीलाल लामिछाने, निवर्तमान अध्यक्ष नारायण आचार्य सहित १३ जनालाई पनि सम्मान गरेको छ ।

अधिवेशनबाट नयाँ नेतृत्व चयन हुने छ । अध्यक्ष पदमा वर्तमान सचिव रामजी पोखरेल र पूर्व सचिव ओमबहादुर घर्ति बिच प्रतिष्प्रर्धा देखिएको छ । सचिवमा विमल काफ्ले र दिपक विश्वकर्मा प्रतिष्प्रर्धामा रहेका छन् । पार्टी नेतृत्व भने सहमतिमा नेतृत्व चयन हुने कसरतमा जुटेको छ । अधिवेशनको खुलाशत्र जिल्ला अध्यक्ष धनेन्द्रराज घिमिरेको अध्यक्षता, उपाध्यक्ष देवीलाल लामिछानेको स्वागत र सचिव रामजी पोखरेलको सञ्चालनमा भएको थियो ।

## बक्यौता महशुल बारे अत्यन्त जरुरी सूचना

प्रस्तुत विषयमा यस तानसेन खानेपानी उपभोक्ता समितिबाट धारा जडान गरी खानेपानीको आपूर्ति नियमित प्राप्त गरिरहनुभएका केही उपभोक्ताहरुबाट नियमित खानेपानी महशुल नबुझाउनु भएकोले बुझाउनको लागि गत मिति २०८०/१०/०३ र २०८०/११/२० मा पटक-पटक पत्राचार गरिएको तर महशुल भुक्तान गर्न नआएकाले उपभोक्ता समितिको मिति २०८१ बैशाख २६ गते बसेको कार्य समितिको बैठकले अन्तिम एक पटकको लागि आगामी जेष्ठ २५ गतेसम्म बक्यौता महशुल भुक्तानी गर्न उपभोक्ताहरु माझ यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय भित्र बक्यौता महशुल भुक्तानी गर्न नआएमा नियमानुसार धाराको लाइन बन्द गरिने पनि सूचित गरिन्छ ।

**अनुरोधक**
**तानसेन खानेपानी उपभोक्ता समिति**
**तानसेन, पाल्पा**

## सन्तोष चलचित्र मन्दिरमा...




जेठ १० गतेदेखि भव्यताका साथ प्रदर्शन भइरहेको सुपरहिट नेपाली चलचित्र '**फर्किफर्कि**' र नेपाल अधिराज्यभर अपार सफलतापूर्वक सञ्चालनमा आएको चलचित्र '**पुजार सार्की**' चलिरहेको जानकारी गराउँदछौं । उक्त चलचित्र हेर्न स-परिवार पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहुन अनुरोध गर्दछौं।

**शो समय :**
***फर्किफर्कि :*** *पहिलो शो : ११:३० बजे*
***पुजार सार्की:*** *दोस्रो शो : २:३० बजे र साझ ५:३० बजे*
*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

*टिकट बुकिङ्ग नं. : ९८४७३९८५५९*

# बोक्सीको आरोपमा कुटपिट गर्ने पक्राउ

संगीता आचार्य

**पाल्पा,** जेठ ११/बोक्सीको आरोप लगाई महिलालाई कुटपिट गर्ने एक युवक पक्राउ परेका छन् । महिलालाई बोक्सीको आरोप लगाई कुटपिट गर्ने बगनासकाली गाउँपालिका-९ का २९ वर्षीय पदम बस्याललाई प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय पाल्पाबाट अनुसन्धान अधिकृत सहित खटिएको टोलीले उनलाई बुधबार नियन्त्रणमा लिएको छ । भैसी बिरामी भएको भन्दै झारफुक गर्न बस्याल समक्ष पुगेकी ती महिलालाई गत ६ गते बोक्सीको आरोप लगाई बस्यालले कुटपिट गरेको प्रहरीले जनाएको छ । बस्यालले विगतदेखि नै गाउँमा झारफुक गर्दै आएका थिए । कुटपिटबाट घाइते भएकी ती महिलाले बोक्सी आरोप कसुर अर्न्तगत कारवाही गरी पाउँ भनि प्रहरीमा निवेदन दिएपछि प्रहरीले बस्याललाई पक्राउ गरेको हो । घाइते महिलालाई छिमेकी आएर उद्दार गरेका थिए । उत्त घटनाको बारेमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## रामपुरमा गोरु हत्या गर्ने पक्राउ



पाल्पा, जेठ ११/जिल्लाको रामपुरमा गोरु हत्या गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । कोदालो प्रहार गरी गोरु हत्या गर्ने रामपुरका ५२ वर्षीय तारानाथ नेपाली र पूर्वखोला गाउँपालिका -१ का ३८ वर्षीय तिलकराम श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको हो । गत मंगलबार रामपुर नगरपालिका -९ का तारानाथ नेपालीको गोठमा रहेको गोरुलाई उनीहरुले कोदालो प्रहार गरि हत्या गरेका थिए । गोरु हत्या गरेको जानकारी पाएसँगै ईलाका प्रहरी कार्यालय रामपुरबाट खटेको प्रहरी टोलीले बुधबार उनीहरुलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । ति व्यक्तिहरुलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा ल्याई थप अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## देशलाई निकास देऊ

राजनीतिक दलका नेताहरु यति बेला एक अर्काको आरोप प्रत्यारोपमा उत्रिएका छन् । पछिल्लो राजनीतिक अवस्था हेर्दा सिद्धान्तका लागि दल बनेकै होइनन् कि जस्तो देखिएको छ । उनीहरुमा न राजनीतिक सिद्धान्त छ नत देशहितको एजेण्डा नै । जनताको आवाज उठाउने प्रतिनिधिमूलक संस्था प्रतिनिधि सभा र राष्ट्रिय सभामा देखिएका पछिल्ला गतिविधिहरुले पनि सत्ता पक्ष र प्रतिपक्ष दलहरु नै जनता र देशप्रति गम्भीर नभएको प्रष्ट हुन्छ ।

कहिले के मुद्दा र कहिले के मुद्दामा दलहरु रुमाली रहेका छन् । अहिलेको अवस्थामा कुनै पार्टीमा पनि दुईतिहाइ बहुमत ल्याउन गाह्रो छ । सरकार बन्न जहिले पनि गठबन्धन नै गर्नुपर्ने अवस्था आएकाले पनि गठबन्धन बनिसकेपछि दलहरुमा सिद्धान्तको कुरा नआएको हुनसक्छ । यस्तो परिपाटीले शासन सत्ता सञ्चालक बन्न मै होडबाजी हुने र त्यहाँ पुगेपछि नैतिकता तथा सैद्धान्तिक धार पूर्ण अवरोध हुने परिस्थिति छ । सत्ताको लागि दलहरूबीच गठबन्धन गर्नुपर्ने कारण सरकार सधैं अस्थिर हुँदै आएको छ । पाँच वर्षसम्म राजनीतिक व्यक्तिहरू जनताको काम गर्ने भन्दा सरकार बनाउने र भत्काउने मै समय खर्च गरिरहेका छन् । जसले गर्दा देशले निकास पाउन सकेको छैन । सत्ता र प्रतिपक्षको द्वन्द्वले 'साँढेको जुधाइ बाछाको मिचाइ' जसरी नेपाली जनता मिचिइरहेका छन् । यस्तो परिस्थितिको अन्त्यको चाहना सबैको हो । तर त्यसो हुन सकेको छैन । अहिले गृहमन्त्री रवि लामिछाने विरुद्धको सहकारी ठगीसम्बन्धी आरोपको छानविनका लागि संसदीय छानविन समिति बनाउन काँग्रेसले माग गर्दै आएको छ । तर सरकार त्यस विषयमा गम्भीर बन्न नसक्दा संसद नै अवरोध हुँदै आएको छ । यो अत्यन्त दुखको कुरा हो । यसले सरकार नै अलोकतान्तिक बाटामा छ भन्ने प्रतिक्रिय पार्टीका नेताहरूबाट आइरहेको छ । यस्तो विभिन्न समस्याबाट गुज्रिरहेको नेपालको वर्तमान राजनीति सधैं यसरी नै अगाडि बढ्ने हो भने नेपाल र नेपाली जनताको अवस्था यसभन्दा अझै नाजुक बन्ने कुरा निसन्देह छ । नेताहरुलाई नेपाली जनताले बगाएको पसिनाले आर्जेको करबाट भत्ता खान मात्र पठाएका होइनन् । देश र जनताका पक्षमा काम गर्न पठाएका हुन् । सो कर्तव्यबाट उनीहरु उम्कन मिल्दैन । यसर्थ व्यक्तिगत र पार्टी स्वार्थभन्दा माथि उठेर देश र जनताको पक्षमा काम गरी देशलाई निकास दिने काममा दलहरु एक जुट हुन जरुरी छ ।

### Opinion @ Social Network

धनी होइन खुशी बन्न सिक, मुल्य होइन महत्त् बुझ्न सिक,
अनि मात्र अमूल्य जिन्दगीको परिभाषा थाहा हुन्छ ।
*(सुबिना साहिको फेसबुकस्टाटस https://www.facebook.com/subina.shahi)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हाइपर-ग्लोबलाइजेसनको प्रभाव र व्यवस्थापनका उपाय



केशव खतिवडा

*विश्वव्यापीकरण, निजीकरण, आर्थिक उदारीकरण, सार्वजनिक क्षेत्रमा सरकारी खर्चको कटौती, अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकामा वृद्धि, स्वतन्त्र बजार नवउदारवादका मूलभूत विशेषता हुन् । यसमा पुँजीलाई स्वतन्त्र आवतजावत गर्ने सुविधा हुने भएकाले प्रत्यक्ष विदेशी लगानीको सम्भावना बढी हुन्छ । 'हाइपर-ग्लोबलाइजेसन' शब्दको प्रयोग सर्वप्रथम टर्किस नागरिक हार्भर्ड युनिभर्सिटीका अर्थशास्त्रका प्रोफेसर डेनी रोड्रिकले सन् २००० को दशकमा गरेका थिए, जसले चरम वैश्विकीकरणको अवस्थालाई जनाउँछ । यो नवउदारवादको चरम अवस्था हो ।*

१७औं शताब्दीको प्रारम्भमा उदारवादको जन्म भयो । उदारवादका प्रणेता जोन लक हुन् भने यसको सैद्धान्तिकीकरण गर्ने कार्य अर्थशास्त्री एडम स्मिथ र जेरेमी बेन्थनले गरेका थिए । १९औं शताब्दीमा पश्चिम युरोप र ल्याटिन अमेरिकी राष्ट्रहरूमा नवउदारवाद पक्षधर सरकारको बाहुल्य देखापऱ्यो । नवउदारवाद उदारवादको विकसित वा परिमार्जित रूप हो । सन् १९३८ मा पेरिसमा भएको बैठकमा अस्ट्रेलियन अर्थशास्त्री लुडविग भोन मिसेस र ब्रिटिस अर्थशास्त्री फ्रेडरिक हायकले यो सिद्धान्तको व्याख्या गर्दै सर्वप्रथम नवउदारवाद शब्दको प्रयोग गरेका थिए । सन् १९४७ मा फ्रेडरिक हायकले यो अवधारणाको प्रचारका लागि 'मोन्ट पेलेरिन सोसाइटी'को स्थापना समेत गरे । पछि विश्व बैंक, विश्व व्यापार सङ्गठन र अन्तर्राष्ट्रिय मुद्रा कोषले संरचनागत समायोजन कार्यक्रम लगायत ऋण, सहयोग र अनुदानका सर्तमार्फत नवउदारवादलाई विश्वव्यापी बनाए । विश्वव्यापीकरण, निजीकरण, आर्थिक उदारीकरण, सार्वजनिक क्षेत्रमा सरकारी खर्चको कटौती, अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकामा वृद्धि, स्वतन्त्र बजार नवउदारवादका मूलभूत विशेषता हुन् । यसमा पुँजीलाई स्वतन्त्र आवतजावत गर्ने सुविधा हुने भएकाले प्रत्यक्ष विदेशी लगानीको सम्भावना बढी हुन्छ । 'हाइपर-ग्लोबलाइजेसन' शब्दको प्रयोग सर्वप्रथम टर्किस नागरिक हार्भर्ड युनिभर्सिटीका अर्थशास्त्रका प्रोफेसर डेनी रोड्रिकले सन् २००० को दशकमा गरेका थिए, जसले चरम वैश्विकीकरणको अवस्थालाई जनाउँछ । यो नवउदारवादको चरम अवस्था हो । यस अवस्थामा वैश्विक प्रणालीमा बहुराष्ट्रिय कम्पनीहरूको विकास र प्रभावह अन्तर्राष्ट्रिय व्यापार र वित्त प्रवाहको फैलावट तीव्र रूपमा बढेको हुन्छ । जुन आर्थिक, सांस्कृतिक र राजनीतिकजस्ता महत्त्वपूर्ण पक्षहरूको वैश्विक एकीकरण पनि हो । तथापि यसले आर्थिक पक्षलाई बढी महत्त्व दिन्छ । यो अवस्थामा अन्तर्राष्ट्रिय स्तरमा पुँजी र श्रमको प्रवाहमा वृद्धि हुन्छ । यस्तै उत्पादन, व्यापार तथा वित्तीय बजारको क्षेत्रमा उल्लेख्य वृद्धि भएको हुन्छ । हाइपर-ग्लोबलाइजेसन भन्नाले वस्तु, सेवा, पुँजी, वित्त तथा प्रविधिको स्वतन्त्र रूपमा हुने अन्तर्राष्ट्रियकरणको प्रक्रियालाई जनाउँछ । जसले विश्वव्यापीकरणको साइज, क्षेत्र र तीव्रतामा नाटकीय ढंगले परिवर्तन ल्याउँछ । प्रारम्भमा विश्व व्यापार संगठन, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंकजस्ता अन्तर्राष्ट्रिय स्तरका संस्थाले सुनियोजित रूपमा विकास गर्दै लगे । पछिल्लो समयमा सूचना र प्रविधिका क्षेत्रमा भएको तीव्र विकासले यसको गतिलाई झनै बढाउँदै लग्यो ।

**विशेषता**

हाइपर-ग्लोबलाइजेसनका केही महत्त्वपूर्ण विशेषता देहाय बमोजिम रहेको पाइन्छ ।

**१) वित्तीय बजारको एकीकरण**

यो अवस्थामा पुँजीको प्रवाह सहज रूपमा तीव्र गतिले विश्वव्यापी रूपमा हुने भएको हुँदा वित्तीय बजारहरू अधिक मात्रामा परस्पर निर्भर भएका हुन्छन् ।

**२) बृहत उत्पादन, विविधिकरण र विश्वव्यापीकरण**

विश्व अर्थ-व्यवस्थमा बहुराष्ट्रिय कम्पनीहरूको दबाब र प्रभाव बढ्दै गएको अवस्था हो, हाइपर-ग्लोबलाइजेसन । त्यसैले यो अवस्थामा एकाधिकार मागका आधारमा वस्तु र सेवाको बृहत् उत्पादन र वितरण हुन्छह तिनको विविधीकरण तथा विश्वव्यापीकरण गर्दै लैजाने प्रक्रिया पनि तीव्र हुन्छ । लाभ र लागतको विश्लेषणका आधारमा लागतलाई न्यूनीकरण गर्दै र समग्रमा उत्पादकत्व र दक्षतालाई बढाउँदै लगिएको हुन्छ ।

**३) व्यापारमा अत्यधिक वृद्धि**

वस्तु र सेवाको अन्तर्राष्ट्रिय व्यापारमा वृद्धि र विविधीकरण भएको हुन्छ ।

**४) प्रविधिको विकास र प्रचार**

डिजिटल प्रविधिको विकास र प्रचार विश्वव्यापी रूपमा भएको हुन्छ । जसले उत्पादन, वितरण, उपभोग तथा विनिमयमा थप योगदान पुऱ्याएको हुन्छ ।

**फाइदा**

हाइपर-ग्लोबलाइजेसनलाई उचित ढंगले व्यवस्थापन गर्न सकेका खण्डमा देहाय बमोजिमका फाइदा प्राप्त गर्न सकिन्छ ।

**१) आर्थिक वृद्धि**

वैदेशिक लगानी र अन्तर्राष्ट्रिय व्यापारले उद्योगहरुको वृद्धि गर्न, रोजगारीको सिर्जना गर्न, आयमा वृद्धि गरी समृद्ध राष्ट्र निर्माण गर्न सहयोग पुऱ्याउँछ ।

**२) सस्तो र गुणस्तरीय वस्तुको उपलब्धता**

वस्तु र सेवाको उत्पादनमा प्रतिस्पर्धा, विविधीकरण र गुणस्तरीयता हुने भएकाले उपभोक्तालाई छनोटको अवसरमा वृद्धि हुनुका साथै सस्तो मूल्यमा गुणस्तरीय वस्तु प्राप्त हुन्छ ।

**३) नवप्रवर्धनको विकास र प्रयोग**

आजको विश्व डिजिटल प्रविधिमा आधारित भएको हुँदा दिनानुदिन नवप्रवर्धनको निरन्तर विकास र प्रयोग बढिरहेको हुन्छ । तीव्र प्रतिस्पर्धामा श्रेष्ठता हासिल गर्न सकिँदैन । तसर्थ हरेक मुलुकले नवप्रवर्धनमा ठुलो लगानी गर्छन् । परिणामस्वरूप दक्षता र नवप्रवर्धनको थप विकास हुँदै जान्छ ।

**४) गरिबी न्यूनीकरण**

अन्तर्राष्ट्रिय लगानी, व्यापार, वाणिज्य, औद्योगिकीकरणमा वृद्धि हुने भएकाले रोजगारीका थप अवसर सिर्जना भई गरिबी न्यूनीकरणमा सहयोग पुग्छ ।

**चुनौती**

हरेक अवसरले चुनौती र हरेक चुनौतीले अवसरसँगै लिएर आएको हुन्छ । हाइपर-ग्लोबलाइजेसनले पनि अवसरका बाबजुद देहाय बमोजिमका चुनौती सँगै लिएर आएको छ ।

**१) आर्थिक असमानता**

राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा हुने तीव्र आर्थिक क्रियाकलाप तथा प्रतिस्पर्धाका कारणले मुलुकभित्र, बाहिर र मुलुक-मुलुकबिच तीव्र रूपमा आर्थिक असमानता बढ्छ । देशभित्र धनी थप धनी बन्दै जाने, गरिब झन् गरिब बन्दै जाने र विश्व-व्यवस्थाभित्र पेरिफेरी, सेमिपेरिफेरी र कोर मुलुकहरूमा विभाजित हुँदै जाने अवस्थाको सिर्जना हुँदै गएको छ ।

**२) वातावरण विनाश**

तीव्र रूपमा हुने निर्माण, औद्योगिकीकरण, उत्पादन, आणविक परीक्षण, स्वार्थ केन्द्रित युद्धहरूका कारणले गर्दा वातावरण विनाश पनि तीव्र गतिमा हुन्छ । जस्तै : जलवायु परिवर्तन ।

**३) सांस्कृतिक प्रभाव**

वैश्विक समाजले वैश्विक संस्कृतिको विकास गर्दै लगेको छ भने मौलिक संस्कृतिको लोप हुँदै गएको छ । संस्कृतिमा पश्चिमीकरणको प्रभाव बढ्दै गएको छ । मिश्रित समाजजस्तै संस्कृति पनि मिश्रित वा हाइब्रिड बन्दै गएको छ ।

**४) सम्प्रभुतामाथिको हस्तक्षेप**

बहुराष्ट्रिय निगम, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यापार संगठनजस्ता अन्तर्राष्ट्रिय स्तरका संस्थाले राष्ट्रिय नीति निर्माण गर्ने सवालमा राष्ट्रिय सरकारलाई ऋण सहयोग, अनुदान उपलब्ध गराउँदा ती मुलुक्ले पूरा गर्नुपर्ने सर्तक नाममा दबाब सिर्जना गर्छन् । जुन मुलुक विशेषको सम्प्रभुतामाथिको हस्तक्षेप हो ।

**चुनौती**

हाइपर-ग्लोबलाइजेसनले अवसर र चुनौतीलाई एक साथ लिएर आए पनि विश्वलाई नै परस्पर निर्भर बनाउने बहुआयामिक प्रक्रियाको रूपमा आफूलाई स्थापित गर्दै लगेको छ । यसले विश्व व्यवस्था प्रणालीलाई प्रभावित गरिसकेको हुँदा कुनै पनि मुलुक अब अछुतो रहन सक्दैन । मुलुकहरूले अब हाइपर-ग्लोबलाइजेसनलाई अभिशापका रूपमा नभएर अवसरका रूपमा उपयोग गर्नुको विकल्प छैन । जसका लागि देहाय बमोजिमका उपाय अवलम्बन गर्न उपयुक्त हुन्छ ।

**१) राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण**

वैश्वीकरणका कारण हरेक देशको अर्थतन्त्र कुनै न कुनै रूपमा विश्व अर्थतन्त्रसँग जोडिएको हुन्छ । तथापि राष्ट्रिय अर्थतन्त्रको सबलीकरण, सुदृढीकरण, डिजिटलाइजेसन गर्न अनिवार्य हुन्छ । जसका लागि स्थानीय उद्योगहरूको संरक्षण गर्ने, स्थानीय उत्पादनको प्रवर्धन र बजारीकरण गर्दै आयात प्रतिस्थापन गर्नुपर्छह निर्यात बढाउनुपर्छ ।

**२) प्रविधि र नवप्रवर्धनको विकास र प्रयोग**

आजको युग आर्टिफिसियल इन्टेलिजेन्सको भएको हुँदा प्रविधिका बिचमै प्रतिस्पर्धा रहेको छ । निरन्तर उन्नत प्रविधिको विकास र प्रयोगले मात्र आर्थिक विकास र स्थायित्व हासिल गर्न सकिन्छ ।

**३) तादात्म्यता**

विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व व्यपार संगठन लगायत दातृ मुलुक तथा निकायले अवलम्बन गरेका अन्तर्राष्ट्रिय नियमनसम्बन्धी नीतिहरूका बिचमा तादात्म्यता कायम गर्नुपर्छ । यी नीतिसँग तादात्म्यता हुने गरी ब्याजदर, विनिमय दर तथा भन्सार करहरू निर्धारण गर्नुपर्छ । दिगो विकास र वातावरण संरक्षणलाई 'क्रस कटिङ इस्यु'का रूपमा अवलम्बन गर्नुपर्छ ।

**४) असमानता**

गाउँ र सहर, सहर र मेघा सहर बिचको असमानता घटाउनुपर्छ । सकारात्मक विभेदमार्फत पिछडिएका वर्ग र जातिलाई विकासको मूल प्रवाहमा समेट्नुपर्छ । नीति-निर्माणमा उनीहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने र औद्योगिक प्रजातन्त्रको नमुना र उदाहरणका रूपमा रहेको मजदुरहरूको ट्रेड युनियन अधिकारलाई सुनिश्चिता प्रदान गर्नुपर्छ ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सौन्दर्यतामा धन खर्च हुनेछ । गरेका काममा ढिलासुस्ती हुनेछ । | **तुला** : चिन्ता छाडेर चिन्तन गर्ने समय छ । प्रेमीको सहयोग पनि प्राप्त हुनेछ । |
| **वृष** : अधुरा कार्य पूरा गर्न सहयोग मिल्नेछ । नयाँ कार्यको योजना बन्नेछ । | **वृश्चिक** : दाम्पत्य जीवन सुखमय रहला । नयाँ व्यक्तिसँग भेटघाट पनि हुनेछ । |
| **मिथुन** : शत्रुमाथि विजय मिल्ने समय छ । रमाइलो यात्राको योग पनि छ । | **धनु** : यात्राको योग रहेको छ । राजनैतिक कार्यमा सफलता मिल्नेछ। |
| **कर्कट** : विद्या र बुद्धिको विकास हुनेछ। दाम्पत्य जीवन सुखमय रहला । | **मकर** : प्रेममा मधुरता छाउनेछ । मनमा हर्ष, उमङ्ग र उत्साह रहला । |
| **सिंह** : नयाँ व्यक्तिसँग भेटघाट पनि हुनेछ। विश्वासपात्रले साथ दिनेछन् । | **कुम्भ** : रमणीय यात्राको योग छ । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । |
| **कन्या** : प्राविधिक काममा सफलता प्राप्त हुनेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । | **मीन** : सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ। आफ्नो कार्य सहजता मिल्नेछ । |

# साहित्य दर्पण

समीक्षा — पुष्कर अथक रेग्मी

## ‘कालपात्र’ सँगै घोत्लिदा






कोशी प्रदेश ओखलढुङ्गा जिल्ला सिद्धिचरण नगरपालिका विगुटार निवासी माता टुककुमारी र पिता पं. रत्नप्रसाद दाहालका सुयोग्य सुपुत्र पुरूषोत्तम दाहालको जन्म वि.सं.२०१५ मंसिर १३ गते भएको हो । राजनीति शास्त्रमा एम.ए.सम्मको अध्ययन गरी हाल बुढानिलकण्ठ -१० कपन,नारायणचोक ,काठमाडौं बसोवास गर्नुभएका प्रखर स्पष्ट वक्ता, मानवअधिकारकर्मी, अग्रज पत्रकार , वरिष्ठ साहित्यकार पुरूषोत्तम दाहालका करीव एक दर्जन कृतिहरू प्रकाशित भइसकेका छन् ।


केही कवि केही कविता (२०४३, सहलेखन), कविता संग्रह साँध (२०५९), मानव अधिकार : लोकतन्त्र र अहिंसाको आधार (सहलेखन २०६५), तेस्रो संस्करण समेत रहेको उपन्यास शान्ता (२०७९/२०८०),कविता संग्रह अन्धकारको यात्री (२०७३), कथा संग्रह शिखरवृत (२०७४), दोस्रो संस्करण समेत रहेको चार दशकको पत्रकारिता अनुभव, मेरो पत्रकारिता (२०७३/२०७५), अंग्रेजी अनुवादमा उपन्यास शान्ता (२०७५), कविता संग्रह काला बादलमा उज्याला पाइला (२०७९), उपन्यास कालपात्र (२०८०) दाहालका महत्वपूर्ण प्रकाशित कृतिहरू हुन् ।

वर्तमानको जीवन्त चित्रको रूपमा रहेको उपन्यास कालपात्र (२०८०) सुकर्मका लागि कुकर्म विरूद्ध सतत् -संघर्षशील सम्पूर्ण असल मानिसहरूमा समर्पित, इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा.लि.(हिमालय टाइम्स राष्ट्रिय दैनिक) द्वारा प्रकाशित एवं शव्दार्थ प्रकाशन चावहिल काठमाडौंद्वारा वितरित मूल्य रू.५२५/- रहेको उपन्यास कालपात्र उदाहरणीय, संग्रहणीय एवं शोधनीय कृतिको रूपमा उपस्थित रहेको छ । अहिले मेरो हातमा उपन्यास ‘कालपात्र’ रहेको छ र म यसैको स्वाध्ययन गरी घोत्लिदै यी पङ्क्तिहरू लेखिरहेको छु । कालपात्रको भूमिकामा ‘कालपात्रमा अभिचित्रित युगीन चरित्र’ शीर्षकमा प्रा.डा.कुलचन्द्र कोइराला लेख्नुहुन्छ, “यो उपन्यासको देश नेपाल हो र काल यो देश देशका रूपमा उदाएदेखि आजसम्म व्यापी रहेको छ । नेपाली राजनीतिमा देखिएका परिघटनाको छायाँ पारेर लेखकले एकातिर सुकृति गरेको देखाउन गरिएका काम सबै विकृति भएका/गर्ने गराउने मनसायलाई दाजु, भाउजू र दिदीका प्रातीक्यमा उभ्याएर प्रक्षेपण गरेका छन् । विशेष गरी नेपाली राजनीतिमा व्याप्त रहेको दाजुको वैध उपस्थितिभित्र भाउजूका अवैध र पारिवारिकीकरणलाई सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् ।”

‘खोजौं आ-आफ्ना अनुहार’ शीर्षकमा कृष्ण धारावासी लेख्नु हुन्छ , “एउटा अनुभवी, निडर र संघर्षशील पत्रकारको कलमबाट जन्मिएको यो कृति यथार्थको खिरिलो पोयो हो । यसलाई बाटेर दह्रो घुँयत्रो बनाई यो देशको घिनलाग्दो र हडड्याइलो भ्रष्टाचारी प्रवृत्ति नमिल्काएसम्म प्रजातन्त्र वा लोकतन्त्रको आकाश खुल्न सक्दैन । प्रजातन्त्र प्राप्त भएपछि फेरि एकपल्ट सुकिला मुकिलाहरूका विरुद्ध अर्को युद्ध गर्नुपर्ने छ भन्ने बिपी कोइरालाको भनाइ अझै पनि भविष्यका निम्ति एक आशालाग्दो सन्देश छ ।” ‘कालपात्रभित्र एकछिन्’ शीर्षकमा कलानिधि दाहालले कृतिको वैशिष्यता मापन गर्दै लेख्नुहुन्छ ,“सुरुदेखि अन्त्यसम्म एकछत्त कृतिको केन्द्रीय भूमिकामा रहेको पात्र चाँही समविषम सबै पक्षलाई पचाएर खराब बाटाबाट अलग भई असल मार्गावरोही हुनुले सिर्जनात्मक सकारात्मक पक्षको सन्देश प्रवाहित गर्दै सम्यक स्रष्टत्वको गजब धर्म निर्वाह पनि रोचक ढङ्गमा देखिँदा कृति बेजोड आकर्षक बनेको छ । सुरु नै आर्यघाटको धमिले धुवाँबाट आकर्षक तरिकाले भएको ‘कालपात्र’ यो कौतुहल आकर्षण अन्त्यसम्म जीवित राख्नु अझ यसको लोभलाग्दो विशेषता हो।” उपन्यासको सन्दर्भमा “कालपात्रमा अभिचित्रित युगीन चरित्र “शीर्षकमा प्रा.डा. कुल प्रसाद करोइराला लेख्नुहुन्छ, “यो उपन्यासको देश नेपाल हो र काल यो देश देशका रूपमा उदाएदेखि आजसम्म व्यापी रहेको छ । नेपाली राजनीतिमा देखिएका परिघटनाको छायाँ पारेर लेखकले एकातिर सुकृति गरेको देखाउन गरिएका काम सबै विकृति भएका/गर्ने गराउने मनसायलाई दाजु, भाउजू र दिदीका प्रातीक्यमा उभ्याएर प्रक्षेपण गरेका छन् । विशेष गरी नेपाली राजनीतिमा व्याप्त रहेको दाजुको वैध उपस्थितिभित्र भाउजूका अवैध र पारिवारिकीकरणलाई सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् ।”

“कालपात्रबारे” शीर्षकमा लेखकीय अभिव्यक्ति व्यक्त गर्दै लेखक पुरूषोत्तम दाहाल स्वयं लेख्नुहुन्छ ,“जो मानिस असल हुनुहुन्छ, राजनीतिमा, सामाजिक क्षेत्रमा, व्यापार, व्यवसायमा, अन्य विविध क्षेत्रमा उहाँहरूलाई यो उपन्यासको पात्र बनाएको छैन, र बनाउन चाहेको छैन । असल मानिसलाई सम्मान हुनुपर्छ, असल मानिस स्थापित हुनुपर्छ भन्ने सिद्धान्तप्रेरित छ यो उपन्यास ।” कालनै पात्रको रूपमा उपस्थित कालपात्रभित्र नेपाल र नेपालीको कथा व्यथालाई लक्षित गरि खराब पात्रहरूको मात्र चारित्रीकरण गरिनुका साथै समृद्धिका लागि गरिएको परिवर्तनपछि त झनै विषम परिस्थिति, अशान्ति र अभावग्रस्त भइ अस्त व्यस्त अलपत्र रहेको समसामयिक यथार्थता छर्लंग्याइएको छ । उपन्यासले देश जनता र शान्तिलाई शिरमा राखी मुलुकको अवस्था, व्यवस्था, सरकार, राजनीति, पार्टी, नेता, कार्यकर्ता, प्रशासन, भष्ट्राचारसँगै शिक्षा, स्वास्थ, न्याय, सामाजिकीकरण, पत्रकारिता एवं मानव अधिकार लगायतका क्षेत्रमा समेत देखिएका कुकृत्यहरूको भण्डाफोर गर्नुका साथै उपन्यासले तपाईं हामी सबैलाई ठाउँ - ठाउँमा नङ्ग्याएको छ । कथनात्मक शैलीमा देशको समसामयिक परिस्थिति मानवीय पात्रको रूपमा आउनु, असल र खराब सहितको जीवनको संयोग देखाउनु, जीवनका दैनन्दीनीहरूलाई कथा र उपकथा बनाइ औपन्यासिकरण गर्नु, राष्ट्रिय राजनीतिका घटनाक्रम र पात्रहरूलाई सामाजिकीकरण गरी प्रस्तुत गर्नु,राजनैतिक पात्रहरूलाई कुटनैतिक ढंगले दह्रो प्रहनर गर्नु , बिम्ब प्रतीक र अलङ्कारको प्रयोग गरि नाटकीय शैलीमा पात्रहरूलाई उपस्थित गराउनुका साथै कौतुहलतापूर्ण ढंगले कुपात्रलाई सुपात्रको रूपमा रूपान्तरित गराउदै कथालाई वियोगान्त बनाई टुङ्ग्याउनु उपन्यासभित्रका लेखकीय वैशिष्ट्यताहरू हुन् । बहुमुखी प्रतिभाका धनी, विविध क्षेत्रका धनी, स्पष्टवक्ता,निडर र संघर्षशील पत्रकार , सचेत राजनीतिक विश्लेषक, सिद्धहस्त लेखक साहित्यकार पुरूषोत्तम दाहालद्वारा लिखित उपन्यास कालपात्रका प्रत्येक पात्रका कथाहरू जान्नका लागि म स्रष्टा एवं द्रष्टाहरू सबैलाई “कालपात्र ” नै अध्ययन गर्न अनुरोध गर्दछु । उपन्यासको निष्कर्ष वर्तमान नेपालको तितो सत्य र कटु यथार्थ हुनुका साथै आ-आफ्नो अनुहारसहितको चारित्रीकरण यसै भित्र रहेकोले उपन्यास “कालपात्र” एकपटक सबैले किनेर, मागेर या खोजेर भएपनि पढ्नु पर्दछ । अन्तमा दाहालको पहिलो उपन्यास “शान्ता” जस्तै दोस्रो उपन्यास “कालपात्र” पनि धेरैभन्दा धेरै पटक संस्करण भई पाठकको मन जित्न सफल रहोस् । पठनीय, महनीय, विलोकनीय,उदाहरणीय एवं संग्रहणीय कृति प्रकाशन गर्नु हुने बरिष्ठ साहित्यकार/पत्रकार पुरूणोत्तम दाहालज्यूका बाँकी जीवन कालजयी लेखनमय बनिरहोस् - शुभकामना ! (***लेखक पाल्पा साहित्य समाजका अध्यक्ष तथा पाल्पाका स्थापित साहित्यकार समेत हुन्*** ।)

## भन बुद्ध तिमी कहाँ छौ ?



***विचन्द्र रायमाझी***
***“मुस्कान”***
***इस्मा-२ गुल्मी***

तिम्ले शान्ति गरेको देशमा ,
तिम्ले क्रान्ति गरेको देशमा ,
हत्या हिंसा दिनहुँ बढेको छ,
अशान्तिको जग गढेको छ।

आज तिम्रै कारण देश नेपाल चिनिएको छ,
तिम्रो अर्ति उपदेश सारा किनिएको छ,
तर तिमी जन्मेको देशका मनुष्यले गर्दा आज,
तिम्रो अर्ति उपदेश मासिएको छ ।

शान्तिको जग बसाउने,
आफू रोइ रोइ सारा हसाउने,
शान्तिका खातिर कम्मर कसाउने,
शान्त रहनुपर्छ भन्ने ज्ञान मन मष्तिस्कमा पसाउने ।

तिमी जन्मिएको माटोमा ,
दलाली र भ्रष्टाचारि जन्मिए ,
अपराधी र अत्याचारी जन्मिए,
अहँ तर पनि बुद्ध तिमी किन जन्मिएनौ ?

कृति/समीक्षा — उषा आचार्य

## युङफ्राउ : परदेशको यात्रा घरदेशको सम्झना

***राष्ट्रिय गौरवको अनुभूति प्रस्तुत कृतिमा परदेशको भ्रमणका क्रममा नेपाली राष्ट्र र राष्ट्रियताप्रति गरिएको गौरवका अनुभूतिलाई कलात्मक रूपमा चित्रण गरिएको छ । एथेन्सको यात्रामा रहेका बेला नियात्राकार छब्बिस सय वर्ष पुरानो स्टेडियममा उभिएर आधुनिक ओलम्पिक खेल सुरु भएको स्टेडियम, त्यस वरपरका सडकको अवलोकन गर्छन् । सन् २००४ मा सोही स्टेडियममा भएको ओलम्पिक खेलमा नेपालले पनि सहभागिता जनाएकामा गर्वको अनुभूति गर्दछन् । खेल र खेलाडिका लागि नेपाल सरकारले कुनै लगानी नगरेको अवस्थामा पदक नजिते पनि नेपालको झन्डा फहराउँदै मार्च पास गर्नुलाई ठुलो उपलब्धि नियात्राकारले मानेका छन् ।***

युङफ्राउ कृष्ण बजगाईको ग्रिसबाट सुरु गरी स्विजरल्यान्डमा अन्त्य गरिएको नियात्रा हो । बजगाईंले परदेशमा बसेर नेपाली भाषा र साहित्यलाई उचाइमा पुर्‍याउने काम गरिरहेको देखिन्छ । युरेसियाको स्पर्श, भाया साक्रा, दाइबुचु र उमिहोतारु नियात्रा प्रकाशन गरेका बजगाइँ युङफ्राउ पाँचौ नियात्रासङ्ग्रह हो । खास उद्देश्यका साथ विशेष स्थानको भ्रमणका क्रममा प्राप्त अनुभव, अनुभूति साथै निजी विचारलाई नियात्रामा प्रस्तुत गरिन्छ । कलात्मक भाषाका माध्यमबाट ऐतिहासिक महत्वका स्थानका महत्वपूर्ण भनाइ, सन्दर्भ आदिलाई बजगाईंका नियात्रामा उठान गरिएको हुन्छ । बेलायतलाई कर्मभूमि बनाए पनि हरपल स्वदेशको स्मरण गर्नु उनका लेखनगत प्रवृत्ति हुन् जुन प्रवृत्ति नियात्रामा समेत देख्न सकिन्छ । विदेशका विभिन्न स्थलको भ्रमण गर्नु र त्यस क्रममा नेपाल सम्झनु यस युङफ्राउ नियात्राको पनि विशेषता रहेको छ । युङफ्राउ नियात्रामा ग्रिसका विभिन्न सन्दर्भ, एथेन्सको महत्व, सुकरात र उनको साहित्यप्रति रुचि, प्लेटोको गुरुभक्तिका साथै आर्थिक, धार्मिक, सांस्कृतिक, भौगोलिक, खेलकुद, समाजवाद, पर्यटन, कला आदि विविध पक्षलाई सदृश्य रूपमा चित्रण गरिएको छ । यी विविध सन्दर्भको अनुभूतिका क्रममा गरिएको स्वेदशको सम्झना, गौरव र चिन्ता यस कृतिको महत्त्वपूर्ण पक्ष हो । प्रस्तुत अध्ययनमा नियात्राभित्र वर्णित ग्रिसदेखि स्विजरल्यान्डसम्मको यात्रा साथै बेलायतको यात्रा अनुभूतिका क्रममा स्मरणमा आएका नेपालका राजनीति, धर्म, विकृति, राष्ट्रिय गौरव र समृद्धिको चाहनालाई विश्लेषण गरिएको छ । राष्ट्रिय गौरवको अनुभूति प्रस्तुत कृतिमा परदेशको भ्रमणका क्रममा नेपाली राष्ट्र र राष्ट्रियताप्रति गरिएको गौरवका अनुभूतिलाई कलात्मक रूपमा चित्रण गरिएको छ । एथेन्सको यात्रामा रहेका बेला नियात्राकार छब्बिस सय वर्ष पुरानो स्टेडियममा उभिएर आधुनिक ओलम्पिक खेल सुरु भएको स्टेडियम, त्यस वरपरका सडकको अवलोकन गर्छन् । सन् २००४ मा सोही स्टेडियममा भएको ओलम्पिक खेलमा नेपालले पनि सहभागिता जनाएकामा गर्वको अनुभूति गर्दछन् । खेल र खेलाडिका लागि नेपाल सरकारले कुनै लगानी नगरेको अवस्थामा पदक नजिते पनि नेपालको झन्डा फहराउँदै मार्च पास गर्नुलाई ठुलो उपलब्धि नियात्राकारले मानेका छन् । परदेशमा जाँदा नेपालको राष्ट्रिय पहिचानको खोजी गर्ने र त्यसमा गरिने गौरवको अनुभूति स्विजरल्यान्डको यात्रामा पनि गरिएको छ । संयुक्त राष्ट्रसैको कम्पाउन्डभित्र फहराइरहेका झन्डामा नियात्राकार त्रिकोण आकारको नेपाली झन्डा खोज्छन् । सजिलै झन्डा नदेख्दा दु:खी बनेका लेखक अलि पर फरफराइरहेको नेपाली झन्डा देख्दा एकाएक गर्वको अनुभूति गर्दै विदेशमा मातृभूमि सम्झिने र गर्व गर्ने चीज भनेको झन्डा, भाषा, साहित्य, संस्कृति र नेपाली जाति हुन् भन्ने विचार व्यक्त गर्दछन् । नियात्रामा राष्ट्रिय प्रतीकको मात्र गौरव नगरी विदेशमा कतैकतै नेपाली रेस्टुरेण्ट देख्दा पनि लेखक प्रफुल्ल हुन्छन् । उनी विदेशी भूमिमा हिउँ खेल्दा नेपालका हिमाल सम्झन पुग्छन् । हातमा स्विजरल्यान्डको झन्डा उचालेर हिमालमा फोटो खिच्दा गमक्क परेका नियात्राकार नेपालको झन्डा स्विजरल्यान्डको हिमालमा फहराउने कल्पना गर्छन् । नेपालमा पनि सगरमाथा लगायत अग्ला हिमालमा पोस्ट बक्स राखी पर्यटकलाई आकर्षण गर्न सकिने उपायसमेत बताउँछन् । नियात्राकारको शरीर स्विजरल्यान्डमा भए पनि मन नेपाली भूमिमा अवस्थित हिमालमा आरोहण गरिरहेको देख्न सकिन्छ । त्यस्तै फिफाको हेडक्वाटर जुरिचमा पुग्दा लेखकलाई नेपाली खेलाडिप्रति गौरव जाग्छ । नियात्राकार संसारभरका फिफा सदस्य राष्ट्रहरूको जर्सी प्रदर्शन गरिएको स्थानमा पुगेर नेपाली जर्सीको खोजी गर्छन् । नेपाल पनि फिफाको सदस्य राष्ट्र भएको र भएकाले रातो जर्सीमा चन्द्र सूर्य भएको झन्डा र नेपाल लेखेको देखेर हर्षित हुन्छन् साथै फिफाा फुटबलको अन्तर्राष्ट्रिय प्रतियोगितामा विश्व कप जितोस् भन्ने कामना गर्दछन् । उनी पोर्चुगल पुग्दा नेपाली वीर जातिमाथि गौरव गर्छन् । स्वदेशको चिन्ता र सुधारको चाहना ग्रिसको एथेन्सको यात्रा गर्ने क्रममा नियात्राकारले प्राचीन देवी देवतामाथिको आस्था देख्छन् र नेपालको अवस्था स्मरण गर्छन् । त्यहाँ पुरातन संस्कृति, आस्थालाई जोगाएकामा गर्व गर्दै नेपालमा धर्मनिरपेक्षता अपनाइएको र क्रिस्चियन धर्मको वृद्धि भएको वर्तमान अवस्था चित्रण गर्दै एक्रोपोलिसमा एक बिहान शीर्षकको नियात्रामा यस्तै गतिले नेपाल पनि क्रिस्चियन देश त बन्दैन भन्ने चिन्ता व्यक्त गरिएको छ । नियात्रामा पशुपतिनाथ चर्चमा परिणत हुने हो कि ? त्यसो भएमा आस्थाका धरोहर शिव कहाँ जालान् भन्ने प्रश्नमार्फत आफ्नो धर्म संस्कृति र आस्थाप्रति चिन्ता व्यक्त गरिएको छ । त्यस्तै एथेन्सको पहिलो थिएटरमा नाटक हेर्ने क्रममा निबन्धकार नेपाली नाटक र नेपाली थिएटर सम्झन्छन् । त्यस्तो प्राचीन थिएटरमा सत्र हजार दर्शक अट्ने क्षमता रहेको थाहा पाउँदा निबन्धकार अचम्म मान्छन् र नेपालमा त्यति दर्शक अट्ने थिएटर नभएकामा हामी धेरै वर्ष पछाडी छौँ भन्ने चिन्ता ग्रिसमा वाइनका देवता खोज्दा नियात्रामा प्रकट गर्दछन् । यसका साथै ओडियन अफ हेरोड एटिकसमा कार्यक्रम गर्न पाउनु स्थापित हुनु हो भन्दै त्यस कार्यक्रममा नेपाली कलाकारले साङ्गीतिक प्रस्तुति दिएको समेत कल्पना यस नियात्रामा गरिएको छ । प्रस्तुत नियात्रा कृतिमा एथेन्समा पुरातन अवशेषलाई बचाउँदै आधुनिकता अपनाइएको उल्लेख गर्दै एथेन्सवासी सरसफाइमा सचेत रहेको बताउँदै नेपालमा भने अहिले पनि स्वास्थ्य र सरसफाइका सामान्य कुरामा पनि सरकारले रेडियो, टेलिभिजनका माध्यमबाट करोडौं खर्च गर्नुपरेको अवस्था चित्रण गरिएको छ । यस नियात्रामा हामी अन्य मुलुकभन्दा धेरै पछाडि परेकामा चिन्तासमेत व्यक्त गरिएको छ । यस नियात्रामा केवल नेपालका विकृतिमाथि चिन्ता व्यक्त नगरी एथेन्समा देखिएका विकृतिलाई नेपालसँग जोडिएको पनि पाइन्छ । बेलायतका महान कवि बायरनका नाममा होटलको नाम राखिएको देख्दा नियात्राकारलाई मन पर्दैन र उनी नेपालका महान कवि देवकोटा सम्झन पुग्छन् । त्यहाँका गिफ्ट पसल, होटल, कपडाको दोकान देख्दा काठमाडौँको ठमेलको स्मरण गर्दै ग्रिसमा पर्यटक आकर्षणका लागि गरिएका अनेक प्रयत्न उल्लेख गर्दै प्राचीन सामानको उपयोगबाट पनि पर्यटक तान्न सकिने रहेछ र नेपालले पनि यस्तै सिक्नुपर्ने कुराको प्रस्तुतिसमेत सोही नियात्रामा गरिएको छ । वर्तमानका मानिसको भाग्य स्वच्छ वायु लिन पाउनु हो र कतिपय मानिस त्यही स्वछ वायुका निम्ति प्रकृतिको समित जान्छन् भन्ने तथ्य उल्लेख गर्दै यहाँ नेपालको हिमाली क्षेत्रमा पनि शुद्ध वायु पाइने, त्यही शुद्ध हावामा स्वास फेर्न, हिमाल पहाड हेर्न पर्यटक नेपाल आउने पर्यटकीय विकाससँगै पर्यावरणीय चेतना खस्कँदै गएकामा चिन्ता व्यक्त गरिएको छ । पर्यटकले जताततै छोडेका फोहोरका डङ्गुरले त्यहाँको वातावरण प्रदूषित भएको, यसबाट विदेशी पर्यटकमा नकारात्मक सन्देश पुगेको हुँदै समयमै योजना बनाएर सरकारले फोहोर व्यवस्थापन गरे हुन्थ्यो भन्ने अपेक्षा नियात्रामा गरिएको छ । नेपालमा प्राकृतिक सौन्दर्यका अनेक पक्षहरू रहेका छन् । कविले तिनलाई कविताका बिम्बका रूपमा प्रयोग गर्दै आएको पनि पाइन्छ ।

***-समकालिन साहित्य डटकम***

# मुभुङको कालिका मन्दिरमा क्यूआर कोड



**पाल्पा,** जेठ ११/पाल्पाको रैनादेवी छहरा गाउँपालिका -५ मुभुङमा रहेको ऐतिहासिक धार्मिकस्थल कालिका मन्दिरमा क्यूआर कोड सञ्चालनमा ल्याइएको छ । एक औपचारिक कार्यक्रमकाबिच माछापुच्छे बैंकको क्यूआर कोड सञ्चालनमा ल्याइएको हो । डिजिटल भुक्तानीको प्रयोगले धार्मिक क्षेत्रमा हुने आर्थिक अनियमितता रोकिने र सर्वसाधारणलाई सहज हुने भएकाले मन्दिरमा क्यूआर कोड स्थापन गरी दान-दक्षिणा दिने प्रचलन शुरू गरिएको मन्दिर व्यवस्थापन समितिका सल्लाहकार, पूर्व डिआइजी तथा समाजसेवी राम कार्कीले बताए । कार्यक्रमका प्रमुख अतिथि रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्मागत भट्टराई, बैंक पाल्पा शाखाका प्रवन्धक विनोद थापाले संयुक्त रुपमा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष नरेश कार्कीलाई क्यूआर कोड हस्तान्तरण गरेका हुन् ।

क्यूआर कोड हस्तान्तरण गर्दै गाउँपालिका अध्यक्ष भट्टराईले मन्दिरमा आउने दशनार्थीहरुका लागि क्यूआर कोडले महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे । उनले मन्दिरको आर्थिक पक्षलाई समेत यो सेवाले पारदर्शी बनाउने बताए । समयको माग अनुसार बैंकले वित्तिय क्षेत्रमा काम गर्दै आएको बताउँदै अध्यक्ष भट्टराईले मन्दिर परिसरमा क्यूआर कोड सेवा सञ्चालनमा ल्याएकोमा बैंकलाई धन्यवाद दिए ।

बैंकका शाखा प्रवन्धक थापाले माछापुच्छे बैंकले भेटी र दक्षिणालाई डिजिटल प्रविधिमार्फत व्यवस्थापन र प्रयोगकर्ताको सजिलोका लागि क्यूआर कोडको व्यवस्था गरेको बताए । नगदरहित कारोबारलाई प्रोत्साहन गर्न क्यूआर कोड स्थापन गरी मोबाइलबाटै दान गर्न मिल्ने सुविधा दिइएको उनको भनाई छ । यो सेवा सञ्चालनमा आएसँगै मन्दिरमा आउने दशनार्थीहरुले क्यूआर कोडबाटै भेटी चढाउन सक्ने छन् । मन्दिर व्यवस्थापन समितिका अध्यक्ष कार्कीले हिजो आज मन्दिरमा आउने दशनार्थीहरुले क्यू आर सेवा खोज्ने गरेको बताए । उनले उनीहरुको सेवालाई मध्यजनर गरेर नै बैंकसँग सहकार्य गरी उक्त सेवा लिन सफल भएको बताए ।

अध्यक्ष कार्कीले अहिलेको युग भनेको प्रविधिको युग भएकाले मन्दिरको व्यवस्थापनलाई समेत प्रविधिसँग जोड्ने काम गरेको बताए । कार्यक्रममा पूर्व वडा अध्यक्ष तथा समाजसेवी विष्णुप्रसाद पोखरेल, समाजसेवीहरु रेवन्तबहादुर कार्की, चित्रबहादुर रायमाझी, टिका पोखरेल, अमरबहादुर कार्की, हरी रायमाझी, शिक्षक यमलाल घिमिरे, पत्रकार भुवन रायमाझी, सरस्वार्की लगायतको उपस्थिति रहेको थियो ।

## खेलकुद समाचार

### बंगलादेश अमेरिकासँग पराजित



**काठमाडौं,** जेठ ११/अमेरिकासँगको ३ खेलको टी-२० सिरिजमा बंगलादेशले लगातार दोस्रो हार बेहोरेको छ । बंगलादेश अमेरिकासँग ६ रनले पराजित भएको हो । पहिलो खेलमा अमेरिका ५ विकेटले विजयी भएको थियो । योसँगै अमेरिका एक खेल अगावै टी-२० सिरिज आफ्नो पक्षमा पारेको छ । अमेरिकाले दिएको १४५ रनको लक्ष्य पछ्याएको बंगलादेश १९ ओभर ३ बलमा १३८ रनमा समेटियो । बंगलादेशलाई सस्तोमा समेट्न अमेरिकाका अलि खानले ३ विकेट लिएका थिए ।

बंगलादेशका कप्तान नज्मुल हसन सान्टोले सर्वाधिक ३६ रन जोडे । त्यसअघि पहिला ब्याटिङ गरेको अमेरिकाले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १४४ रन बनाएको थियो । अमेरिकाका कप्तान मोनांक पटेलले सर्वाधिक ४२ रन जोडेका थिए । जुन १ बाट सुरु हुने विश्वकपमा नेपाल र बंगलादेश एउटै समूहमा छन् ।

## अर्थ/कर्पोरेट समाचार

### सुनको मूल्य घट्यो




**पाल्पा,** जेठ ११/सुनको मूल्य शुक्रबार घटेको छ । तोलामा १ हजार ८ सयले घटेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार मूल्य घटेसँगै छापवाला सुन तोलामा एक लाख ३६ हजार नौ सय पुगेको छ । बिहीबार छापावाला सुन तोलामा एक लाख ३८ हजार सात सयमा कारोबार भएको थियो ।

यस्तै, तेजाबी सुन बिहीबार तोलामा एक लाख ३८ हजार ५० मा कारोबार भएकामा शुक्रबार भने एक लाख ३६ हजार दुई सय ५० निर्धारण भएको छ । त्यस्तै, चाँदीको मूल्य तोलामा१० ले घटेको छ । बिहीबार तोलामा एक हजार आठ सय ६५ मा कारोबार भएको चाँदी एक हजार आठ सय ५५ पुगेको छ । पछिल्लो समय सुनको मूल्यले अर्न्तार्ष्ट्रिय बजार नै तातेको छ । बजारमा सुनको मूल्यमा आएको उत्तरचढावका कारण कारोबार हुन नसकेको सुन व्यवसायीहरु बताउँछन् ।

अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

# आज श्रीनगरमा काँग्रेसको प्रशिक्षण तथा वनभोज कार्यक्रम हुँदै

**पाल्पा,** जेठ ११/नेपाली काँग्रेसको प्रशिक्षण तथा वनभोज कार्यक्रम शनिबार तानसेनको श्रीनगरडाँडामा हुन लागेको छ । नेपाली काँग्रेस प्रतिनिधि सभा क्षेत्र नं २ पाल्पाको आयोजनामा आज प्रशिक्षण तथा वनभोज कार्यक्रम हुन लागेको हो ।

प्रशिक्षण तथा वनभोज कार्यक्रममा भाग लिन वडातह देखि जिल्लास्तरसम्मका नेता तथा कार्यकताहरु श्रीनगर पुग्दै छन् । पार्टीलाई बलियो बनाउने र तल्लो तहदेखि माथिल्लो तहका नेता तथा कार्यकर्ताहरुबिचको सम्बन्धलाई थप प्रगाढ बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको काँग्रेसका क्षेत्रिय सभापति मुक्तिराम जिसीले बताए । उनका अनुसार नेपाली काँग्रेसका पूर्व केन्द्रीय सदस्य तथा नेविसंघका पूर्व केन्द्रीय सभापति गुरुराज घिमिरेले प्रशिक्षण दिने छन् । प्रशिक्षणका लागि नेता घिमिरे शुक्रबार नै तानसेन आइपुगेका छन् । पार्टी संरचनालाई वडातहदेखि नै थप मजबूद बनाएर लैजाने र आगामी निर्वाचनमा काँग्रेसको एकल बहुमतको सरकार बनाउन प्रशिक्षणले महत्वपूर्ण भूमिका खेल्ने सभापति जिसीले बताए ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


अनुसूची - ५

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रहरी कार्यालय पाल्पा**
**(प्रबन्ध शाखा)**

## सम्पत्ती तथा मालसामानको लिलाम बढाबढको सूचना

**सूचना नं.:- ०१**
**प्रथम पटक प्रकाशित मिति २०८१/०२/१२ गते**

यस कार्यालयमा रहेका तपसिल बमोजिमका सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति फर्म, संस्था वा कम्पनीहरुले प्रथम प्रकाशित भएको मितिले १५ दिनभित्र (मिति २०८१/०२/२७ गते) लिलाम बिक्रीको लागि कायम न्यूनतम मूल्यको पाँच प्रतिशतले हुने रकम रु.२८,४७९।- (अक्षरुपी अठ्ठाईस हजार चार सय उन्नासी) मात्र नगद धरौटी सहित निवेदन दिनहुन यो लिलाम बढाबढ आह्वान गरिएको छ ।

(१) लिलाम बिक्री गर्ने सम्पत्ति तथा मालसामानको विवरण:-

| सि.नं. | लिलाम हुने सम्पत्ति तथा जिन्सी मालसामान | सुरु खरिद मिति | ब्राण्ड | स्पेसिफिकेशन | न्यूनतम मूल्य |
|---|---|---|---|---|---|
| १. | मोटर साईकल तथा स्कुटर (मो.सा. - १० र स्कुटर - १ जम्मा - ११ थान) | नखुलेको | - | - | रु. ५,६९,५७९।- |
| जम्मा न्यूनतम कायम मूल्य | | | | | रु. ५,६९,५७९।- |
| १३% भ्याट | | | | | रु.७४,०४५।- |
| जम्मा मूल्य | | | | | रु.६,४३,६२४।- |

(२) लिलाम बढाबढ हुने स्थान समय र मिति:-
(क) स्थान:- जिल्ला प्रहरी कार्यालय पाल्पा (ख) मिति:- २०८१/०२/२७ गते (ग) समय:- १२:०० बजे
(३) लिलाम बढाबढ यस कार्यालयले तोकेको न्यूनतम लिलाम बिक्री मूल्यबाटै सुरु हुनेछ ।
(४) लिलाम सकार गर्न डाँक बोल्नु अघि नै न्यूनतम मूल्य रु. ५,६९,५७९।- को ५% ले हुने रकम रु. २८,४७९।- नगद धरौटी राख्नुपर्नेछ ।
(५) प्रत्येक पटक डाँक बोल्न चाहने व्यक्तिबाट डाँक बढ्दै गएमा सोही अनुपातमा थप मूल्यको पाँच प्रतिशतले हुने गरी नगद धरौटी बुझाउँदै जानु पर्नेछ ।
(६) लिलाम बढाबढ हुने सम्पत्ति तथा मालसामान हेर्न चाहने व्यक्ति वा संस्थाले कार्यालय समय ११:०० बजेदेखि ०२:०० बजेसम्म प्रबन्ध शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।
(७) लिलाम सकार गरेको सम्पत्ति तथा जिन्सी मालसामान सम्झौता भएको मितिले ७ दिनभित्र उठाई लैजानु पर्नेछ ।
(८) लिलाम बढाबढ हुने दिन सार्वजनिक बिदा पर्न गएमा सो लगत्तै खुलेको अर्को दिनमा तोकिएको स्थान र समयमा लिलाम बढाबढ हुनेछ ।
(९) कुनै दुविधा भएमा प्र.ना.नि. श्री गिताराम भुसाल (लेखापाल) (९८५७०९००७१) र प्र.ब.ह. श्री तिर्थराज बस्नेत (प्रबन्ध शाखा) (९८४७११११४) मा सम्पर्क गर्नुहोला ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई